बलेफी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक

पत्र सङ्ख्याः २०८२/८३
सूचना नं. : २

बागमती प्रदेश, नेपाल

मितिः २०८२/०४/०९

## राष्ट्रिय परिचयपत्रको विवरण दर्ता सम्बन्धी अत्यन्त जरुरी सूचना !!!

प्रस्तुत विषयमा यस बलेफी गाउँपालिकाका हालसम्म राष्ट्रिय परिचयपत्र नबनाएका सामाजिक सुरक्षा भत्ता लाभग्राही मध्ये ७० वर्ष माथिका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विविध कारणले हिँडडुल गर्न नसक्ने अशक्त व्यक्तिहरुको लागि तपशिल बमोजिमको मिति, समय र स्थानमा राष्ट्रिय परिचयपत्र विवरण दर्ता शिविर हुन गईरहेको हुँदा सम्बन्धित सरोकारवालाहरुलाई यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**तपशिलः-**

| क्र.सं. | मिति | स्थान | वडाहरु | कैफियत |
|---|---|---|---|---|
| १. | २०८२/०४/११ | ५ नं. वडा कार्यालय, बलेफी गाउँपालिका, बलेफी, सिन्धुपाल्चोक | वडा नं. १, २, ३ | |
| २. | २०८२/०४/१२ | ५ नं. वडा कार्यालय, बलेफी गाउँपालिका, बलेफी, सिन्धुपाल्चोक | वडा नं. ४, ५, ६ | |
| ३. | २०८२/०४/१३ | ५ नं. वडा कार्यालय, बलेफी गाउँपालिका, बलेफी सिन्धुपाल्चोक | वडा नं. ७, ८ र छुट भएका सबै | |

**आवश्यक कागजातहरूः-**

१. स्पष्ट बुझिने नेपाली नागरिकताको प्रमाणपत्र ।
२. विवाहितको हकमा विवाह दर्ताको सक्कल प्रमाणपत्र वा पति/पत्नीको नागरिकतामा पति/पत्नीको नाम उल्लेख भएमा सक्कल नागरिकताको स्पष्ट बुझिने प्रमाणपत्र वा नाम उल्लेख नभएको र मिति २०३८ फागुन १ भन्दा अगाडीको भएमा वडा कार्यालयबाट विवाह प्रमाणित पत्र ।
३. बसाईसराइ गरी आएको हकमा बसाईसराइको सक्कल प्रमाणपत्र ।
४. नागकिता र अन्य कागजातमा नाम फरक भएमा वडा कार्यालयबाट एकै नाम/थर भएको प्रमाणित पत्र ।
५. सम्बन्ध विच्छेद भएको हकमा सम्बन्ध विच्छेद दर्ताको सक्कल प्रमाणपत्र ।
६. एकल महिलाको हकमा श्रीमान वा श्रीमतिको मृत्यु दर्ताको सक्कल प्रमाणपत्र वा मिति २०३८ फागुन १ भन्दा अगाडीको भएमा वडा कार्यालयबाट मृत्यु प्रमाणित पत्र ।
७. अविवाहितको हकमा अविवाहित प्रमाणित पत्र ।

.......................
(सन्देश सापकोटा)
नि. प्रमुख प्रशासकीय अधिकृत

फोन नं: ०११-४००५३६,०११-४००५३८ ०११-४००५३९ इमेल: balephi2017@gmail.com वेबसाइटः https://www.balephimun.gov.np
फेसबुक: www.facebook.com/balephiruralmunicipality